मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

२६ औं वर्षमा

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २६ ◆ अङ्क : २७८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ भदौ २१ गते सोमवार (Monday, September 6. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**कोरोना भाइरसबाट बच्ने उपायहरु**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुनपानीले राम्रोसँग हात धुने तथा साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गर्ने,
- अनावश्यकरुपमा घर बाहिर र भीडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग ६ फिटको दूरी कायम गर्ने,
- ज्वरो, रुघा र खोकी तथा श्वासप्रश्वासमा समस्या आएमा तुरुन्त चिकित्सकसँग परामर्श लिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



*खुर्सानी : भोजपुर नगरपालिका- ४, दावा सिद्धेश्वरका गणेश विष्टले उत्पादन गरेको अर्गानिक अकबरे खुर्सानी बजार लैजान तयार गरिँदै । विष्टले चार रोपनी क्षेत्रफलमा लगाएको खुर्सानी प्रतिकेजी रु. ३०० मा फर्मबाट बिक्री हुँदै आएको छ । एक पटकमा ७० केजीसम्म खुर्सानी टिप्ने गरेको उनी बताउँछन् ।* ***तस्वीर : युवराज विष्ट/रासस***

# जहाँ माटो बिक्छ ....

**फिदिम, भदौ २०।** फिदिम नगरपालिका-४ चारखम्बे पुगेपछि मेची राजमार्गको दायाँबायाँ माटाले भरिएका बोरा खात लगाएर राखिएका भेटिन्छन् ।

बोरासँगै बसेका मानिस कोही बिक्रीमा व्यस्त हुन्छन् त कोही सडकमाथिको पाखामा बोरामा माटो भरिरहेका हुन्छन् । यही बाटो भएर यहाँका उत्तरी क्षेत्र, ताप्लेजुङ र तेह्रथुमका पूर्वी भाग पुग्ने सवारी साधनमा माटो 'लोड' गरिन्छ । यात्रुहरुले पैसा तिर्छन्, कतिपय त सवारी चालकले नै माटाको रकम तिरेर खरिद गरी ग्राहकसम्म पुर्‍याइदिन्छन् ।

यसरी माटाको खरिद बिक्री हुन्छ र मानिसहरुले यही कामलाई पेसा बनाइरहेका छन् भन्दा आश्चार्य लाग्न सक्छ तर फिदिम-४ चारखम्बेदेखि तुम्देनचोकसम्मको सडकमा देखिने यो दृश्य यहाँका स्थानीयवासीको भने आम्दानी गर्ने माध्यम हो । चारखम्बे क्षेत्रमा मेची राजमार्गमाथि भित्तामा रहेको माटो गाढा रातो हुनाका साथै घर लिपपोत गर्दा आकर्षक देखिने हुनाले यसरी आकर्षक मूल्यमा बिक्री भइरहेको हो ।

पहाडी क्षेत्रका ग्रामीण बस्तीका घरहरु ढुङ्गा र माटाको पर्खाल लगाएर निर्माण गरिन्छन् । ढुङ्गा र माटाको पर्खालमा लिपपोतमा चुनढुङ्गा, कमेरो र रातो माटाको प्रयोग गरिन्छ । लिपपोत सहज बनाउन तथा घरको सुन्दरताका लागि भुइँतलाको पर्खालको भुइँतर्फको करिब एक तिहाइ भागमा रातो माटो पोत्ने चलन अहिले पनि गाउँघरमा उत्तिकै छ । कतिपय घरका पर्खालत पूरै रातामाटाले पोत्ने चलन पनि छ । यही प्रयोगका लागि यहाँ पाइने गाढा रातो माटो प्रख्यात हुँदै गएको हो । त्यसकारण यहाँका स्थानीयवासीले माटोको बिक्री वितरणलाई पेशाकै रुपमा अङ्गालेका छन् ।

यहाँकी मीरा गुरुङले रातो माटोको व्यापार थालेको १० वर्ष हुन लाग्यो । उनको परिवारले दशैं अघि कामदार लगाएर माटो खन्ने तथा बिक्री गर्ने काम गर्दै आएको छ । प्रायः दशैंमा घर



***मेची राजमार्ग छेउमा रातोमाटो बिक्री गर्न बसेका महिला :*** *पाँचथरको फिदिम नगरपालिका–४, चारखम्बेमा रातोमाटो बिक्रीका लागि ग्राहकको प्रतीक्षामा बसेका महिला । मेची राजमार्ग छेउमा राखिएको माटो पाँचथर, ताप्लेजुङ, तेह्रथुमका गाउँका नागरिकले खरिद गरी घर लिपपोतका लागि लैजाने गर्छन् ।* ***तस्बिरः रवीन् काफ्ले/रासस***

सजावटको काम हुने हुनाले दशैंअघिको एक महिना अत्यधिक बिक्री हुन्छ- उनले भनिन्-हामी यही बेला अलिअलि माटो बिक्री गरेर आम्दानी गर्छौं। माटो बिक्रीले दशैं मनाउन आर्थिक रुपले मद्दत गरेको छ ।

आफ्नै जमिनबाट रातो माटो निस्कने भएकाले राम्रो मेहनत र व्यापार गर्नसके आम्दानी पनि राम्रै हुने आधार रहेको अर्की जग्गाधनी रनमाया लावतीको भनाइ छ । यहाँ आफ्नो जमिन नहुनेले जमिन भाडामा लिएर रातो माटो निकालेर समेत बिक्री गर्दै आएका छन् । दशैंअघिको समयमा बाहेक अन्य समयमा भने रातो माटो छिटफुट रुपमा मात्रै बिक्री हुने गरेको छ । सडकसँगै घर हुनेले छिटफुट रुपमा बाह्रै महिना माटो बिक्री गरेर आम्दानी गर्ने गरेको स्थानीयवासी जयन्द्र खवास बताउँछन् । यहाँको माटो प्रतिबोरा रु. ८० देखि १०० सम्ममा बिक्री हुने गरेको छ । प्रत्येक बोरामा २० देखि २५ किलोसम्म माटो उठाइन्छ ।

बाह्रै महिना नभए पनि वर्षमा केही समयका लागि भए पनि यहाँ माटो खन्ने, ढुङ्गा र माटो छुट्याउने बोरामा भर्ने जस्ता काममा स्थानीयवासीले रोजगारी पाएका छन् । फिदिम-४ तुम्देनचोकका २० वर्षीय दीप लावती शुक्रबार धमाधम माटाका बोरा सडकका भित्तामा मिलाएर राख्दै थिए ।

'दशैंअघि राम्रो बिक्री हुन्छ, धेरै लैजानेलाई अलि सस्तोमा पनि दिन्छौं'- उनले भने -बर्खा सकिएपछि माटो खन्न, बोरामा भर्न र मिलाएर सडकको छेउ भित्तामा राख्न थाल्छौं ।

यहाँको माटो गाढा रातो हुनाले गाउँगाउँमा प्रख्यात भइसकेको छ । यद्यपि गत वर्ष लकडाउन र कोभिड-१९ को महामारीका कारण राजमार्गमा यात्रुको चाप नहुँदा माटो अघिल्ला वर्षमा जसरी बिक्री नभएको रातो माटोको बिक्री गर्दै आएका कृष्ण खवासको भनाइ छ । 'पहिले राम्रो बिक्री हुन्थ्यो र जग्गाधनीलाई हामीले राम्रो पैसा दिन सक्थ्यौं, अहिले बिक्री कम छ'- खवासले भने । यस्तै माटो भर्नका लागि बजारमा बोरा नपाइने गरेको र बोराको मूल्य बढ्ने तथा माटाको मूल्य घटाउनुपर्ने हुनाले धेरै फाइदा भने हुन छाडेको माटोको बिक्रीमा संलग्नहरुको भनाइ छ ।

माटो बिक्री बढेपछि यहाँ दैनिक १५ देखि २५ जनासम्म स्थानीय माटो खन्ने, बोरामा हाल्ने र बिक्री गर्ने काममा खटिन्छन् । यहाँका भित्तामा धेरै ढुङ्गा नरहेको र सजिलै माटो निकाल्न सकिने भएकाले बिक्रेतालाई सहज भएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

# पानीमा डुबेर आमाछोरासहित तीन जनाको मृत्यु

**भद्रपुर, भदौ २०।** कनकाई नगरपालिका-७ विरिङ खोलामा आइतवार आमा छोराको शव फेला परेको छ । उक्त शव विराटनगर घर भई हाल कनकाई नपा-८मा रहेको माइती घरमा बस्दै आएकी ३८ वर्षीया उमा विक र उनको अढाई वर्षीय छोरा शिशिरको रहेको प्रहरीले जनाएको छ ।

मोरङ सुनवर्षी नगरपालिका बस्ने श्रीमान दिलीप लोहारको मृत्युपछि उनी बच्चासहित माइतै बस्दै आएकी थिइन् । शनिबार राति बच्चासहित आफन्तलाई थाहै नदिई घरबाट सुटुक्क हिँडेकी विक र बालकको शव विरीङ खोला किनारमा फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता राकेश थापाले बताए ।

विरीङ खोला किनारमा मान्छेको शव देखिएको जानकारी पाएलगत्तै घटनास्थल पुगेको प्रहरीले आमा छोराको शव करिब एक किलोमिटरको अन्तरमा फेला परेको थियो । प्रहरीले उनले बच्चासहित खोलामा हाम फालेको हुनसक्ने आशङ्का गरेको छ ।

त्यस्तै कचनकवल गाउँपालिका- १ स्थित निलडाँडा नजिकैको पैनीमा डुबेर एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा कचनकवल- १ निलडाँडा निवासी ४८ वर्षीय

(बाँकी अन्तिम पृष्ठमा)

# अटो चालकको हत्या

**बिर्तामोड, भदौ २०।** विर्तामोड नगरपालिका-४ मा एक व्यक्तिको हत्या भएको छ ।

कचनकवल गाउँपालिका-३ का अटो चालक ५० वर्षीय भाद्रु राजवंशीको हत्या भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता राकेश थापाले मृतकको टाउको, अनुहारलगायत शरीरको विभिन्न ठाउँमा चोटपटक देखिएकाले उनको हत्या नै भएको बताए । मृतकका छोरा १५ वर्षीय देवनारायण राजवंशीले कान्छा काकाले कोठामै बुबालाई मारेर भागेको प्रहरीलाई बताएका छन् । सोही वडामा डेरा गरी बस्ने ३८ वर्षीय रतनलाल राजवंशीले

(बाँकी अन्तिम पृष्ठमा)

# करणी अभियोगमा दुई जना पक्राउ



**सुनसरी, भदौ २०।** दश वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा दुहबी नगरपालिका-४ मालहटी टोल बस्ने ५२ वर्षीय राजु सहनीलाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ ।

भदौ १५ गते ती बालिकालाई सहनीले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय दुहबीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

यस्तै जबरजस्ती करणी मुद्दाका फरार प्रतिबादी सुनवर्षी नगरपालिका-५ टकुवा बस्ने ३२ वर्षीय दीपक दासलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला अदालत मोरङको २०७१ माघ २१ गतेको फैसलाले जवरजस्ती करणी मुद्दामा ८ वर्ष ६ महिना कैद सजाय ठहर भई फरार रहेका दासलाई इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

उनलाई जिल्ला अदालत मोरङमा पेश गरिएकोमा अदालतको आदेशले कैद भुक्तानका लागि कारागार कार्यालय विराटनगर पठाइएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

**श्री श्याम मिष्ठान्न भण्डार**

**सादर निमन्त्रणा**

विगत २०७७/१२/१९ गतेबाट विश्व महामारी COVID-19 को कारणले गर्दा श्याम मिष्टान्न भण्डारको सेवा बन्द भएको हुँदा यस बन्द समयमा श्याम मिष्टान्न भण्डारले आफ्नो स्तर उन्नति र अझ राम्रो व्यवस्थापन गरी पुनः हजुरहरुको सेवामा उपस्थित भएको जानकारी गराउँदै मिति २०७८/०५/२२ गतेबाट RE-Opening गरिएको हुनाले हजुरहरुको उपस्थितिको लागि **सादर निमन्त्रणा** गर्दछौं ।

मिति : २०७८/०५/२२ गते मंगलबार
स्थान : श्याम मिष्टान्न भण्डार, बिर्तामोड
सम्पर्क : ९८१७००२९८६/९८१५०७४४६४
समय : बिहान ६:०० बजेदेखि

RE-OPENING SOON DON'T MISS IT

भवदीय
श्याम मिष्टान भण्डार



# जहाज चढेर गएको छोरो बाकसमा फर्कंदा....

■ लक्ष्मी उप्रेती

'कालो बादल नीलो आकाशमा,
गएँ आमा चढेर जहाजमा, फर्कँ बाकसमा'

रमेश बिजीको यो गीत आइतबार झापा मेचीनगरवासीले एक पटक सम्झिए । गायक रमेशले भने झैं सात पूरा गरेर आठवर्ष लागेछ, झापा मेचीनगरका ५२ वर्षीय उपेन्द्रमणि भुजेल जहाज चढेर रोजगारका क्रममा मलेसिया पुगेको । यतिका वर्षपछि छोरो आउने आशामा बसेको भुजेल परिवारले गएको भदौ १४ गते एकाएक नसोचेको पीडा व्यहोर्नु पर्यो ।

गएदेखि एकपटक पनि घर नफर्किएका उपेन्द्रको २०७८ भदौ १४ गते रोजगारीका क्रममा मलेसियामा निधन भयो । मृत्यु भएको ६ दिन पछि उपेन्द्र काठको बाकसमा स्वदेश फर्किए आफन्तलाई रुवाउँदै । १९ गते विहान ७ बजेर ५५ मिनेट जाँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा शव आइपुग्ने पक्कापक्की भएपछि झापाबाट शव लिनका लागि उनको परिवार काठमाण्डौं पुगेको थियो । शव ल्याउने खवरले बिहानैदेखि उनको घरमा मानिसको ओहोरदोहोर बाक्लै थियो । मध्यरातमा निजी निवासमा उपेन्द्रको शव ल्याइपुर्याउँदा सिङ्गो गाउँ भावविह्वल बन्यो । हुन त उपेन्द्रको गएको अगष्ट १७ तारीख नेपाल फर्किने टिकट थियो । तर, उनको स्वास्थ्यमा समस्या भएपछि उनी नेपाल आउन पाएनन् । अन्ततःउनको विदेशमै ज्यान गयो ।

विदेश गएको छोरो बाकसमा कैद बनेर फर्किंदा परिवार र आफ्न्तले आफूलाई थाम्न सकेनन् । कोही बाकसमा हेर्दै उनीप्रति श्रद्धाञ्जली व्यक्त गरिरहेका थिए भने कोही परिवारजनमा सहानुभूति र समवेदना प्रकट गर्दै थिए । कोही त्यही बाकसमा अंगालो हालेर सुमसुम्याउँदै डाँको छोडिरहेका थिए । मृत्यु भएको झण्डै एकसातापछि उपेन्द्रको शव गाउँमा आउदा गाउँ नै शोकाकुल भएको छ ।

खाउँखाउँ-लाउँलाउँ उमेरको छोरो हास्दैं रमाउँदै सवैजनासँग बिदा मागेर गएको अचानक बाकसमा फर्किंदा बाबु वीरबहादुरको मन थामिएको छैन । उनकी आमाको आँखा घटना सुनेदेखि ओभाएका थिएनन् । 'सबैसँग बिदा मागेर चाँडै आउने भन्दै गएको छोरो अब कहिल्यै नआउने गरी विदा भयो'- बाबु वीरबहादुरले भने- 'हामीले त कल्पना पनि गरेका थिएनौं, यस्तो पीडा व्यहोर्नु पर्छ होला भन्ने ।' धन कमाउन विदेश गएको छोरो काठको बाकसमा फर्केपछि उनको परिवारमा यतिखेर निक्कै ठूलो चोट परेको छ । कमाउन हिँडेको छोरोको लास बाकसमा फर्किंदा कुन आमाको मन थामिएला कल्पना पनि गर्न सकिँन्न । झापा मेचीनगर–६ काँकरभिट्टाको तल्लो भानुटोल निवासी भुजेल मलेसियामा सुरक्षा गार्डका रुपमा ८ वर्षदेखि कार्यरत् थिए । अस्ली सेक्यूरिटी सर्भिस क्वालाल्मपुरमा उपेन्द्र कार्यरत् थिए ।



एकसातादेखि भुजेल परिवारको घरको चुल्हो बल्न छाडेको थियो । गाउँ स्तब्ध र शोकमग्न थियो । सिङ्गो परिवार र गाउँले छोराको शवको प्रतिक्षामा थिए । बाकसमा उनको शव आउँदा सारा गाउँलेमा रुवाबासी मच्चियो । सोच्दै नसोचेको पीडा यतिखेर भानुटोलले व्यहोर्दै छ । छोराका मृत्युको खवर सुनेदेखि भुजेल परिवारको घरको चुल्होमा आगो बलेको छैन् । उपेन्द्रकी पत्नी हरिमायासहित ज्येष्ठ्य माता पिताका आखाबाट आशु रोकिएको छैन ।

आजभन्दा झण्डै आठवर्षअघि पैसा कमाउने, छोराछोरीलाई धेरै पढाउने उद्देश्यले उपेन्द्र मलेसिया पुगेका थिए । तर बिडम्बना उनको हृदयघातका कारण भदौ १४ गते मलेसियामा मृत्यु भयो । मध्यम वर्गीय परिवारमा जन्मेका उपेन्द्रले नेपालमा बस्दासम्म निक्कै संघर्ष गरे । कहिले सार्वजनिक सवारी साधनको सहचालक बने त कहिले सानो पसलसम्म चलाए । तर, यसबाट उनको घरको सवै गर्जो टर्ने अवस्था नभएपछि उनी विदेश भासिए ।

आफ्नो घरको आर्थिक समस्या कम गर्न पैसा कमाउन विदेश पुग्ने सबै नेपालीहरु भाग्यमानी हुँदैनन् । कतिले राम्रैसँग पैसा कमाएर फर्कन्छन् भने कतिले बिदेशी भूमिमा आफ्नो ज्यान गुमाउनु पर्ने हुन्छ । यस्तै एक प्रतिनिधि पात्र हुन् उपेन्द्र । वैदेशिक रोजगारीका लागि गएका उपेन्द्र अब कहिले नफर्किने गरी बिदा भए । उनका १ श्रीमती १ छोरा र १ छोरी रहेका छन् । यी सँगै बाबुआमा समेत बृद्धावस्थाका छन् । भाइबुहारीसहित उनी संयुक्त परिवारमा बसोबास गर्दै आएका थिए ।

उनका छोरा उत्सव भुजेल काठमाण्डौमा चार्टर एकाउण्डेण्ट गर्दै छन् भने छोरी उषा भुजेल अष्ट्रेलियामा उच्च शिक्षा अध्ययनरत् छिन् । सामान्य आर्थिक अवस्थाका कारण बिदेशिएका उपेन्द्रको निधनले घरपरिवारमा ठूलो क्षति पुगेको छ । छोराछोरी पढाउने हुर्काउनेदेखि बृद्धावस्थाका सासू ससुराको रेखदेखदेखि घरबार खर्च चलाउने जिम्मा अब उनकी श्रीमती हरिमायाको काँधमा आएको छ । स्वर्गीय उपेन्द्रको आइतबार स्थानीय मेची नदीमा अन्त्येष्टि गरिएको छ । देश रेमिटेन्सले नै चलेको छ । बार्षिक रुपमा आउने खर्बौं रुपैयाँ बराबरको रेमिटेन्स कै कारण अहिले देश धानिएको छ तर विदेश जाने र देश चलाउने ती युवाहरु भने रातो बाकसमा फर्कन पर्नुपर्ने बाध्यता छ ।

स्वदेशमा सुख नपाएर दुःख गर्न विदेश पुगेका उनीहरु त्यहाँ पनि कम संघर्ष गर्न बाध्य छैनन् । हरेक युवाहरुको चाहना रोजगारीका लागि विदेश जानु नपरोस् भन्ने नै हुन्छ । अब देशले बैदेशिक रोजगारीलाई व्यवस्थित र सुरक्षित बनाउन आवश्यक छ ता कि कुनै युवाहरुले विदेशमा आफ्नो ज्यान गुमाउनु नपरोस् । विदेशिएका युवालाई सकुशल स्वदेश फर्काउने वातावरण बन्नै पर्छ ।

# एमसीसीः किन लेख्यो सरकारले अमेरिकालाई पत्र ?

**काठमाडौं, भदौ २०।** अमेरिकी अनुदान मिलेनीअम च्यालेन्ज कर्पोरेशन (एमसीसी) पारित गर्ने योजनासहित संसद् अधिवेशन आह्वान गरिएको भनिए पनि सत्तारूढ गठबन्धन दलकै कतिपय नेताहरूले सम्झौता पारित गर्ने विषयमा आफूसँग छलफल नगरिएको बताएका छन् ।

अमेरिकाले नेपालको सडक र विद्युतीकरणको परियोजनाका लागि प्रस्ताव गरेको झन्डै ६० अर्ब नेपाली रुपैयाँ बराबरको अनुदान सम्झौता सांसदबाट पारित गर्ने तयारी सरकारले अघि बढाएको छ ।

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले भदौ २३ गतेबाट सङ्घीय संसद्का दुवै सदनको अधिवेशन आह्वान गरेसँगै एमसीसीको बहस फेरि शुरु भएको छ । सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले गठबन्धनका दलहरूबीच छलफल गरेर मात्रै एमसीसी अघि बढाउने बताए ।

'गठबन्धनको बीचमा व्यापक छलफल भएर मात्रै एमसीसी अघि बढ्छ- उनले बीबीसीसँग भने ।

**कांग्रेस–माओवादी सरकारले हस्ताक्षर गरेको एमसीसी अनुमोदन गराउन देउवालाई किन सकस ? के श्रीलङ्का जस्तै नेपालले पनि एमसीसी अनुदान गुमाउन सक्छ ?**

अनुदानका लागि राखिएका कतिपय सर्तबारे विभिन्न दलका नेताले प्रश्न गरिरहेका बेला एमसीसीबारे थप प्रष्ट गर्न अर्थ मन्त्रालयले अमेरिकी पक्षलाई पत्राचार गरेको छ ।

सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसका नेताहरूले अमेरिकाले नेपालमा उठेका प्रश्नबारे स्पष्ट गरेपछि एमसीसी पारित गर्ने वातावरण बन्ने बताउने गरेका छन् ।

कांग्रेस नेता तथा पूर्वपरराष्ट्रमन्त्री प्रकाशशरण महतले अमेरिकाले एमसीसीबारे नेपालमा व्यक्त 'आशङ्का निवारण' गरेपछि सांसदबाट पारित गर्ने तयारीमा प्रधानमन्त्री लागिरहेको बताए ।

एमसीसीका कतिपय प्रावधानमा व्यक्त भएका आशङ्का अमेरिकाले निवारण गर्ने र यसलाई सांसदबाट पारित हुने वातावरण बनाउन प्रधानमन्त्री लागिरहनुभएकै छ- महतले भने।

**माओवादीसँग 'छलफल नै भएको छैन'**

तर प्रमुख सत्ता साझेदार नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक देव गुरुङ आफूहरूसँग एमसीसी पारित गर्नेबारे कुनै छलफल नभएको बताउँछन् ।

"एमसीसीबारे पाँच दलको सर्वदलीय बैठकमा प्रस्ताव गरेर छलफल नै शुरु भएको अवस्था होइन । कसैको चाहना त हुनसक्ला तर त्यो ढङ्गले छलफल गरेको अवस्था होइन- उनले भने । सरकारले अमेरिकी पक्षलाई गरेको पत्राचार यथास्थितिमा एमसीसी पारित नहुने सङ्केत भएको गुरुङ दाबी गर्छन् ।

सम्झौता संशोधन गर्न अमेरिका तयार नभए एमसीसी पारित नहुने उनले बताए । 'सम्झौता संशोधन गर्न अमेरिका तयार हुने नहुने उसको कुरा भयो । तयार नै भएन भने यो च्याप्टर नै क्लोज हुने भइगयो । संशोधनका लागि तयार भए दुई पक्षबीच वार्ता हुनुपर्यो-उनले भने ।

**अमेरिकी जबाफमा निर्णय 'निर्भर'**

नेता गुरुङले आर्थिक परियोजनाको सम्झौता सांसदबाट पारित गर्नुपर्ने जरुरी नै नभएको बताए पनि गठबन्धनकै अर्को दल नेकपा एकीकृत समाजवादीका नेता विरोध खतिवडा अमेरिकाले एमसीसीबारे आशङ्का निवारण गरे पारित गर्न सकिने बताउँछन् । अमेरिकाले अर्थ मन्त्रालयको पत्रमा पठाउने जबाफमा सम्झौता संसद्बाट पारित हुने कुरा निर्भर रहने उनको भनाइ छ ।

सरकारले एमसीसीबारे थप स्पष्ट पार्न पत्र पठाइसकेको छ। सरकारले सोधेका ११ वटा प्रश्नमा उनीहरूले के जबाफ दिन्छन् त्यसमा निर्भर गर्छ -गठबन्धनको नेकपा एकीकृत समाजवादीका नेता विरोध खतिवडाले भने ।

उनले सत्ताधारी दलका नेताहरू परियोजनाको लागि प्रयोग हुने भूमिको स्वामित्व, अनुदानका लागि प्राप्त कोषको जबाफदेही, परियोजनामा विवाद आए नेपालको कानुन हाबी हुने वा नहुने जस्ता विषयमा प्रष्ट हुन चाहेको बताए ।

अर्थ मन्त्रालयले एमसीसीलाई लेखेको पत्रमा अनुदान अमेरिकाको इन्डो-प्यासिफिक रणनीतिअन्तर्गत भए नभएको विषय समेत खुलाउन भनेको छ ।

**अमेरिकासँग गरिएको एमसीसी सम्झौता किन विवादमा ?**

प्रधानमन्त्री पक्षमा रहेको सम्झौताको विपक्षमा किन नेकपाका नेता सरकारले एमसीसी उपाध्यक्ष फातिमा जी शुमर र एशिया हेर्ने सहायक उपाध्यक्ष जोनाथन ब्रक्सको आसन्न नेपाल भ्रमणअघि नै यसबारे स्पष्ट गर्न अमेरिकासँग आग्रह गरेको छ ।

### पानीमा......

दिलबहादुर तामाङ रहेको प्रहरी कार्यालय झापाले जनाएको छ ।

तामाङ परिवारका सदस्य कसैलाई जानकारी नगराई शुक्रबार साँझ ५ बजे घरबाट हिँडेका थिए । परिवारजनले उनी हराएको बारेमा प्रहरी चौकी घेरावारीलाई जानकारी गराएका थिए । प्रहरीले खोजी गर्ने क्रममा आइतबार बिहान ८ बजे पैनीमा डुबेको अवस्थामा उनको शव फेला पारेको थियो ।

उनी गाउँघरमा मादक पदार्थ सेवन हिँड्ने गरेका थिए । घटनाको विषयमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ ।

# बिर्तामोड १ मा कांग्रेसको नेतृत्व निर्विरोध

**बिर्तामोड, भदौ २०।** नेपाली कांग्रेस बिर्तामोड -१ को वडा समिति निर्विरोध चयन भएको छ । पूर्व शिक्षक रघुनाथ सापकोटा सभापतिमा निर्विरोध चयन भएका छन् ।

समितिको उपसभापतिमा विकास बस्नेत र भवानी प्रसाई चयन भएका छन् । सचिवमा वसन्त आचार्य र प्रेमप्रसाद घिमिरे चयन भएका छन् भने उपसचिवमा देवनारायण शर्मा र सन्तोषकुमार राउत चयन भएका छन् । अन्य सदस्यहरु पनि सर्वसम्मत चयन भएका छन् । वडा समितिसँगै २७ जना क्षेत्रीय प्रतिनिधि पनि निर्विरोध चयन भएका छन् ।

### जहाँ..

गाउँगाउँसम्म सवारीका साधन पुगेपछि टाढा पुगेर रातो माटो खोज्नुभन्दा तयार अवस्थामा रहेको माटो खरिद गर्न धेरैले रुचाउनाले माटाको बिक्री बढेको हो । यहाँको माटाले लिपपोत गर्दा घर, आँगन आकर्षक देखिने हुनाले वर्षौंदेखि बिक्री हुँदै आएको माटाको बिक्रीमा संलग्न रनमाया लावती बताउनुहुन्छ ।

### अटो...

कुटेर मारेको र त्यसपछि आफ्नो ९ वर्षीय छोरालाई साइकलमा लिएर भागेको प्रहरीलाई जानकारी आएकाले उनको खोततलास भइरहेको प्रवक्ता थापाको भनाइ छ ।


## घरको बिमालेख हरायो

**शनिश्चरेबाट बिर्तामोड जाने क्रममा यही मिति २०७७/१२/३० गते मेरो घरको बिमा गरिएको निम्न व्यहोराको प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।**

**नाम**:- बाला सापकोटा
**ठेगाना**:- अर्जुनधारा–९, झापा
**पोलेसी नं.**:- ०६०१११८/१९०००६४
**कम्पनी नाम**: प्रिमियर इन्स्योरेन्स क.
**सम्पर्क**: ९८४२६३४४३०

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## रोङ गाउँपालिकाको अत्यन्त जरुरी सूचना

मितिः २०७८।०५।०७

यस रोङ गाउँपालिका क्षेत्रभित्र मिति २०७८ साल असोज १ गतेबाट प्लाष्टिकका झोलाको प्रयोग पूर्णरुपमा निषेध गरिएको छ। सम्पूर्ण रोङवासी आदरणीय दाजुभाइ, दिदीबहिनीहरुमा प्लाष्टिकको झोलाको प्रयोग पूर्ण रुपमा बन्द गरिदिनुहुन यसै सूचना मार्फत अनुरोध गरिन्छ । यदि यस सूचनाको उल्लघंन गरी प्लाष्टिकको झोला प्रयोग गरेको पाइएमा पसल, व्यवसायीहरुबाट रु. १,०००/– र व्यक्तिबाट रु. १००/– जरिवाना असुल उपर गरिने समेत जानकारी गराइन्छ ।

**फोहोरमैला व्यवस्थापनमा जुट्ने हाम्रो पालो**
**यसका लागि सबैले गरौं हातेमालो ।**

**– रोङ गाउँपलिका, इलाम**

## VARANNYA HEALTHCARE AT HOME
## अब बिर्तामोडमै

**तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !**
**के यो सम्भव छ ?**

*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाईं सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं ।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झण्झटबाट मुक्त गर्नेछौं ।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं ।

**उपलबध हुने सेवाहरू**

- चिकित्सकीय सेवा
- ल्याव सेवा
- कोभिड–१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

**तपाईंहरुको सेवामा समर्पित**
**वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.**
**बिर्तामोड–१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)**

*उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड–१९ को संक्रमणविरुद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं ।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड–१९ को संक्रमण हुनसक्छ । यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स–रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा ।

*रिपोर्ट पोजेटिभ आए :*

होम आइसोलेसन प्याकेज अन्तर्गत :

- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा ।

**Post-Covid Management**

कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा

- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

**● COVID ECONOMY PACKAGE**

- RAT ANTIGEN, PCR Test
- रगत परीक्षण
- एक्स–रे
- औषधि
- सीटी स्क्यान (CT Scan) लगायत आवश्यक परामर्श सेवा ।

**VARANNYA HEALTHCARE SERVICE**
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal (Mob.9824066052)

## BUILD YOUR CAREER WITH US

Antenna Trade & Technology Centre is the distributor of Dishhome, one of the fastest-growing digital pay TV operator and Fibernet provider in Nepal. Antenna Trade & Technology Centre is looking for passionate, dedicated and smart candidate having feeling of "I can do" for associate sales officer.

**ASSOCIATE SALES OFFICER**
**BIRTAMODE**

Requirements:
- BBS/BBA or equivalent from any recognized university.
- Experience with distribution network sales and Fibernet will be given preference
- Proficient in using Microsoft Package Ms Excel, Word
- Must possess 2 wheeler and driving license
- Willing to travel to any part of Mechi zone.

Interested candidates are requested to contact in following details:

**Contact number:**
023-546690
9849428134
9801380077

Antenna Trade & Technology Centre
Birtamod, Jhapa, Nepal

DishHome FIBERNET

AMITY
For those who want to excel

**Be Ambitious; Be At Amity**
**Amity Education Foundation**

*A Purely English Environment institution known for its modren infrastructure, conducive academic enviornment and excellent results in the school, +2 & BBS Levels year after year.*

**HAS A FEW MORE SEATS REMAINING IN CLASS-XI**

**+2**
Business Studies
Computer Science
Hotel Management

Get Registered Immediately

AMITY SEC. SCHOOL
Birtamode-05, Jhapa Nepal
Email: amitycollegejhapa@gmail.com
Web: www.amityedufound.com
Tel: 023-590762, 023-541269
Mob: 9852642762, 9842626870, 9842629372


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय


# सहअस्तित्व स्वीकार गर

**नेपालको परराष्ट्र नीति पञ्चशीलको सिद्धान्तबाट निर्देशित छ । त्यसो त विश्वभर एक अर्काको स्वतन्त्र अस्तित्वको सम्मान गर्ने नीति अङ्गीकार गरिएको छ । यसकै आधारमा देश–देशका बीच दौत्य एवम् मैत्री सम्बन्ध स्थापित भएका छन् । भूगोलले देश ठूला–साना हुन सक्छन्, जनसंख्या र आर्थिक स्रोत र गतिबिधिले भिन्न हुन सक्छन् तर स्वतन्त्रता, सार्वभौमसत्ता र अस्तित्वका हिसाबले सबै समान छन् । त्यही सिद्धान्तलाई आत्मसात गरेर संयुक्त राष्ट्रसंघले सबै सदस्य राष्ट्रलाई समान अवसर, महत्व र अधिकार दिएको छ । यस अर्थले नेपाल सानो भइकन पनि छिमेकी वा मित्र देशहरूका माझ समान हैसियत राख्छ । अनि पनि हाम्रो तीन तिर सीमाना जोडिएको भारत होस् वा उत्तरबाट जोडिएको चीन नै होस् यदाकदा सीमानाको विषयमा विवादित बन्ने गरेका छन् । त्यसमा पनिना भौगोलिक समानताको लाभ उठाउँदै स्रोत र साधनले ठूलो भारतले अनेक ढङ्गले अतिक्रमण गरिरहन्छ ।**

**पश्चिम नेपालको विकट भू–भागका जयसिंह धामीको जोखिम मोलेरै तुइनबाट नदी तर्ने क्रममा ज्यान गयो । प्रत्यक्षदर्शीले भारतीय सुरक्षाकर्मीले तुइन काटी दिंदा धामीको नदीमा खसेर मृत्यु भएको बताएका छन् । तुइनबाट नदी तर्नु त्यसक्षेत्रका बासिन्दाको बाध्यता हो । त्यो बाध्यतामा मानवीय नाताले सहयोग गर्नुपर्नेमा भारतीय सुरक्षाकर्मीले तुइन नै छिनाइदिएर दानवता प्रदर्शन गरे । एक त मानवताको सेवा जीवनको सर्वोच्च कार्य हो त्यसमाथि समान धर्म, संस्कृति र परम्पराले हाम्राबीच प्राचीनतम् सम्बन्ध छ । भारतीय पक्षबाट भएको यो र यस्ता अक्षम्य अपराधहरू हाम्रा राजनीतिक दल र तिनका नेताहरूको 'खाईजीबिका'को बाटो बन्ने गरेको छ । सत्तामा रहँदा चुपचाप बस्ने र बाहिर हुनासाथ त्यसैलाई सिंढी बनाउने व्यवहार नौलो होइन । आफूलाई ठूलो ठानेर भारतले मेचीदेखि महाकालीसम्मका सीमा क्षेत्रमा बराबर अतिक्रमण गरेको छ । अन्तराष्ट्रिय कानून, मूल्य र मान्यताबिपरीत सुरक्षाकर्मीको प्रवेश, हवाई गस्ती, त्यहाँका राजनीतिक दलका नेता तथा कर्मचारीको अमर्यादित अभिव्यक्ति दिएर भारतले स्वतन्त्र र सार्वभौम अधिकारमाथि हस्तक्षेप गर्ने गरेको छ ।**


**भारतीय पक्षको बारम्बार यस्तो हेपाह प्रवृत्तिकाविरूद्ध विप्लव माओवादीले इलाममा प्रदर्शन गरेको छ । विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको जनवर्गीय सङ्गठन अखिल क्रान्तिकारी र युवा सङ्गठन नेपालले शनिबार इलाममा आयोजना गरेको प्रदर्शनपछि आयोजित सभाका वक्ताहरूले भारतको हेपाह प्रवृत्तिविरूद्ध जस्तोसुकै संघर्ष गर्न तयार रहेको चेतावनी दिए । उनीहरूले देशको स्वाधीनताको रक्षा र जनताको हितका निमित्त वलिदान गर्न पनि पछि नपर्ने बताए । वक्ताहरूले जिल्लाका पालिकाहरूमा अनियमितता र भ्रष्टाचार व्यापक भएको भन्दै भ्रष्टहरूलाई ठेगान लगाउने चेतावनी दिए । त्यसैगरी नेपाल कम्युनिष्ट पार्टीका इलाम इञ्चार्ज सुमन सिंह र सचिव मौसमले पनि बेथिति र भ्रष्टाचारविरूद्ध संगठीत हुन आम जनसमुदायलाई आह्वान समेत गरेका छन् । त्यसो त भारतको हेपाह व्यवहार नौलो होइन । समय समयमा त्यसविरूद्ध नेपालीले संघर्ष गर्दै आएका पनि छन् । तर, देशको प्रतिनिधि संस्था सरकार र त्यसको नेतृत्वबाट प्रभावकारी प्रतिवाद गर्न नसक्दा भारतले मर्यादा र सीमा अतिक्रमण गरेको हो । उसले हेक्का राख्नै पर्छ कि प्रत्येक राष्ट्रको स्वतन्त्र अस्तित्व हुन्छ र यस अर्थमा कोही ठूलो सानो हुँदैन ।**

### सामाजिक सञ्जाल



प्रकृतिका बहुविध रङहरु । वारी दर्के पानी, पारी चर्को घाम । तल हरिया पहाड, माथि काला बादल । जिन्दगी पनि यस्तै हो । एउटा पाटो मात्र हेरेर किन मखख पर्नु, किन दिक्क हुनु ?

**– प्रदिप ज्ञवाली**




संविधान आफ्नो देशको । संविधान बनाउनेहरु नै सरकार र संसदमा । प्रश्न सोधिन्छ एमसीसी मुख्यालयलाई: 'यो सम्झौता नेपालको संविधानभन्दा माथि छ कि छैन ? नेपालको राष्ट्रिय हित र सार्वभौमिक सत्तालाई असर पार्छ कि ?' यी हदको नालायकी प्रदर्शनबाट आज देश र नागरिक चरम लज्जित हुनुपरेको छ । धिक्कार !

**– शरदराज पाठक**



एमसीसीका पक्षधरले कपटी भाष्यसहित जतिसुकै घुँडा धसे पनि यो सम्झौता अब संसदबाट पास हुने सम्भावना निकै क्षीण छ । यसका कारणले केही हदसम्म राजनीति गिजोलियो । तथापि राष्ट्रिय स्वार्थका मामिलामा को कति पानीमा भन्ने पनि छर्लङ पारिदिएको छ । कतिका मुखौटा खोलिदिएको छ ।

**– सूर्यराज आचार्य**



राम्रो सम्बन्ध एक घडी जस्तै हो । उनीहरू बिरलै भेटिन्छन्, तर सधैँ एकअर्कासँग मिल्छन् ।

**– महेशराज रेग्मी**

# माओवादी केन्द्रले जनतासँग टुटेको सारंगीको तार फेरि जोड्न सक्छ ?



**तीर्थराज खरेल**

२०५२ सालको माघ महिनामा नेकपा माओवादी समर्थित जनमोर्चाको तर्फबाट डा. बाबुराम भट्टराईले ततकालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई ४० बुँदे माग प्रस्तुत गरेका थिए। भट्टराईले पेश गरेका माग पूरा गर्न सक्ने अवस्थामा देउवा थिएनन्। २०५२ फागुन १ बाट आफूले बुझाएका ४० बुँदे मागकै आडमा माओवादीले जनयुद्ध शरु गऱ्यो। युद्ध १० वर्षपछि रोकियो, युद्धमा झण्डै १७ हजार नेपालीले ज्यान गुमाए। युद्ध रोकेर शान्ति प्रक्रियामा आएपछि निर्वाचनबाट माओवादी दुईपटक सत्तामा पुग्यो। दुईपटक पार्टी अध्यक्ष प्रचण्ड प्रधानमन्त्री भए र अर्कोपटक डा. बाबुराम भट्टराईले सरकारको नेतृत्व गरे।

२०५२ सालमा बुझाएका ४० बुँदे मागमा कतिपय यस्ता माग पनि रहे जसलाई आफू सत्तामा हुँदा माओवादीले पूरा नगरेको मात्र होइन आफैंले लत्याएर हिँड्यो। माओवादी नेतृत्वमा यस्तो रंगफेराइ कसरी भयो ? जनसंघर्ष, जनान्दोलन र जनयुद्धको थालनी गरी सञ्चालन गर्न र त्यसलाई निष्कर्षमा पुऱ्याउन पार्टी नेतृत्व, कार्यकर्ता र जनताका वीचमा बलियो सम्बन्ध हुनुपर्छ। जनशैली भनेको जनतासँग घुलनशील हुने शैली हो। जनतासँग घुलमिल हुन सकेमा मात्र जनसंघर्ष, जनान्दोलन र जनयुद्धका उपलब्धिलाई संस्थागत गर्न सकिन्छ। तत्कालीन नेकपा (माओवादी) र सात वटा संसदवादी दलहरुबीच २०६२ सालमा भारतको संस्थापन पक्षको साथ र समर्थनमा नयाँ दिल्लीमा सम्पन्न १२ बुँदे सहमतिको आधारमा दशवर्षे जनयुद्धको आडमा भएको १९ दिने जनान्दोलनले ल्याएको परिवर्तनलाई संस्थागत गर्न जनचाहनाको संविधान निर्माण गर्ने मुख्य उद्देश्यका साथ २०६४ साल चैत्र २८ गते संविधानसभाको चुनाव सम्पन्न भएको थियो।

तत्कालीन एमाओवादी सबैभन्दा ठूलो शक्तिको रुपमा नेपाली राजनीतिक आकाशमा उदाएको थियो। तर मओवादीको बहुमत भएको संविधानसभाले जनअपेक्षा अनुरुप सफलता दिन सकेन र पटक-पटक म्याद थप्दा पनि संविधान बनाउन नसकी छ वर्ष गुजारेर संविधानसभाको विघटन गरियो। अर्को संविधानसभाको निर्वाचन २०७० सालको मंसीर ४ मा भयो। संविधानसभाका लागि १५औं हजारको शहादतबाट निर्मित संविधानसभाको चुनावको परिणाम तत्कालीन एकीकृत माओवादीको लागि अप्रत्याशित थियो। कुनै पनि पूर्व समूहको निरन्तरता नभएर एकता र ध्रुबीकरणको बीचबाट विकसित कम्युनिष्ट क्रान्तिकारीहरुको मूलधार भएको दाबी गर्ने माओवादी पार्टी आज आधा दर्जनभन्दा बढी टुक्रामा विभक्त छ।

त्याग, तपस्या र बलिदानको उच्च स्पीरिटसहित माओवादी पार्टी विकसित भएको कुरा साँचो हो। जनअपेक्षा अनुसारको संविधान निर्माण गर्ने र लामो समयदेखि व्याप्त रहेको संक्रमणकालको अन्त्य गरी देशलाई लोकतान्त्रिक धारमा हिँडाउने आजको मूल कार्यभार हो। तर, १५औं हजार शहीदको बलिदान, छ हजार बढी बेपत्ताको योगदान, सयौं घाइते योद्धाहरुको कष्ट, लाखौं कार्यकर्ताको लगानी र करोडौं जनताहरुको साथ र समर्थनको आधारमा विकसित नयाँ परिस्थितिलाई व्यक्तिगत लोभलालच र महत्वकांक्षासँग सौदाबाजी गरेर विश्व कम्युनिष्ट आन्दोलनमै अनुपम उदाहरण प्रस्तुत गर्ने उचाइमा पुगेको क्रान्तिको उभारलाई बरफ खन्याएर नेपाली जनताप्रति विश्वासघात भएको आजको टरो यथार्थ हो।



जनताको दऱ्हो समर्थनबिना कुनै पनि देश र समाजका परिवर्तनका मुद्दाहरु अघि बढ्न सक्दैनन्। जनयुद्ध, जनान्दोलन, शान्ति प्रक्रिया र संविधानसभाको निर्वाचन हुँदै अघि बढ्ने क्रममा १५औं हजार शहीदको रगतको के मूल्य भयो भन्नुपर्ने अवस्था आज सृजना भएको छ। बलिदान खेर गएको होइन भनेर दाबा गरे त्यो दावा फिक्का हुन्छ। त्यति ठूलो बलिदानको पृष्ठभूमिमा भन्न सकिन्छ- समर्थक, शुभचिन्तक सर्वसाधारण जनताको ठूलो आशामाथि वज्चरो प्रहार भएको छ।

पार्टीका पेचकिलाहरु खुकुलो बनाएर पार्टीको शक्ति र प्रभावलाई दुरुपयोग गरी व्यक्तिगत लाभका लागि भजाउने प्रवृत्ति प्रभावी हुँदै गएको कारण जनतामा माओवादीप्रति निराशा जन्मेको हो। जनअपेक्षा विपरीत क्रियाकलापकै कारण जनसमर्थन ओइलाउन थालेको हो। पार्टीका नीति तथा कार्यक्रमहरु केन्द्रदेखि तल जाँदै गर्दा बाटैमा अलपत्र परेर लोप हुने तीतो परिस्थिति देखापर्नु माओवादी केन्द्रका लागि सामान्य विषय बनेको छ यतिबेला। जनयुद्धकालमा पार्टीका हरेक निर्णय ठीक भए पनि बेठीक भए पनि लागू हुन्थे, तर आज अवस्था त्यो रहेन। पार्टीका समर्थक शुभचिन्तकहरुमा घोर निराशा उत्पन्न भएको छ र पार्टीमा गुटबन्दी मौलाएको छ भनेर उभिन सक्ने कार्यकर्ता पार्टीभित्र कम हुँदै जानु माओवादीका लागि सबभन्दा दुःखद् स्थिति हो।

जनयुद्ध र जनआन्दोलनमा बलिदान गर्नेहरुका परिवारहरु आज खुशी छन् ? युद्धमा घाइते भएकाहरु आजको अवस्थादेखि सन्तुष्ट छन् ? १५औं हजार शहीदको बलिदानको मूल्य खोइ ? उनीहरु कसका लागि र केका लागि शहादत प्राप्त गरेका थिए ? उनीहरुको सपनाको गरिमा के रह्यो अब ? जनतासँगका जीवन्त सम्पर्कका तारहरुलाई चुँडालेर पार्टी नेतृत्व नित्यनिरन्तर अभिमान गर्छ भने समाजमा भएका अन्याय र विभेदका घटनालाई नजरअन्दाज गर्छ भने खुल्ला मोर्चाबाट आएका पार्टीका नेता कार्यकर्ताहरु पनि तार चुँडालेर फुक्का हुन सक्छन्। कम्तीमा पनि धागो चुँडालेर विकल्पका सम्बन्धमा मन्थन गर्न सक्छन्।

विवेकलाई बन्दकी नराखी पार्टीको आधार बनेर, समाजका विविध कोणबाट उठेका सुन्नै नसकिने र पचाउनै नसकिने आरोपहरुलाई पनि आँशुसँगै निलेर भए पनि पार्टीका लागि क्रियाशील हुने नेताकार्यकर्ताहरुले पार्टीका लागि थोरै भए पनि योगदान गरेका थिए। तर, तिनीहरु आज पार्टीको मूलधारबाट धेरै टाढा छन्। माओवादी नेतृत्वप्रति सबैभन्दा बढी आरोप छ- जनताका सपनामाथि किन बरफ खन्याइयो ? नेपाल आमाका सर्वोत्तम सन्तानहरु जसले आफ्नो रातो र तातो रगत मातृभूमिको मुक्ति र जनताको स्वतन्त्रताका लागि बगाएका थिए, आज उनीहरुको सपना फगत पानी बनाइएको छ।

जनता बिनाको पार्टी हुँदैन। जनतासँग विच्छेदन गरेर पार्टी जीवन्त हुन सक्दैन, जसरी टुटेको तार भएको सारंगीबाट संगीत निकाल्न सकिन्न। तर, माओवादी केन्द्रले टुटेको सारंगीको तार जोडेपछि मात्र सुमधुर संगीत निकाल्न सकिन्छ भन्ने सच्चाइलाई आत्मसात गर्छ ? जनतासँग अन्तरघुलित हुने, जनतासँग जाने, जनताको आक्रोश सुन्ने, जनताको कठोर आलोचना सुन्ने र आफूलाई सच्याउँदै अघि बढ्ने योजनाका साथ जनसम्बन्ध सुदृढ गर्ने र जनतालाई झकझकाएर रक्त नलीहरु चुस्त बनाएर पार्टी र जनताबीचको सम्बन्धलाई नियमित बनाउन माओवादी नेतृत्व अघि सर्छ ? यसमा कम विश्वास गर्न सकिन्छ। आश र त्रास भएपछि कार्यकर्ता बोल्दैनन्। वायरिङका विच्छेद भएका तारहरु जोडेर घरमा करेण्ट प्रवाहित भए झैं जनताको सुख-दुःखको कुरा पार्टीले सुन्छ र जनताले पार्टीको संरक्षण गर्छन् भन्ने सच्चाइलाई बुझ्न आवश्यक छ।

स्वार्थ र अहम्ले वशिभूत भएका नेताहरुले यो कुरा बुझ्न गाह्रो छ। इतिहासको कालखण्डमा माओवादी आन्दोलनको अति विशिष्ट योगदान रहेको कुरालाई कसैले छोपेर छोप्न सक्दैन, तर त्यसकै भजन गाएर र त्यसकै महिमामण्डित गरेर अब मुलुक अघि बढ्दैन। निरंकुश राजतन्त्रको अन्त्यको प्रमुख आधार माओवादीको जनमुक्ति सेना र जनताको परिवर्तन प्रतिको उत्कट चाहना नै हो। जनताको आँशु, पसिना र रगतबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र त्यसको संस्थागत विकास आजको मूल कार्यभार हो। एउटा हातले ताली बज्दैन, एकातिरबाट निरन्तर तार टुटाउने र अर्को पक्षले जोड्ने गरेर समस्याको समाधान हुँदैन।

*tirthakharel2028@gmail.com*

# मौद्रिक नीति : सहुलियत कर्जाको सीमा बढाउनुपर्छ

मौद्रिक नीतिले यो विषयमा पनि सम्बोधन गरेको छ। मौद्रिक नीतिमा भुक्तानी सेवाप्रदायक तथा भुक्तानी प्रणाली सञ्चालक संस्थाहरूको कारोबारको दायरा बढाई लघुवित्त वित्तीय संस्था र सहकारीका ग्राहक समक्ष समेत विद्युतीय भुक्तानी सेवा पुऱ्याउन प्रोत्साहन गरिने घोषणा गरिएको छ।



**महेन्द्रकुमार गिरी**

संविधानले नै सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक खम्बाका रूपमा स्वीकार गरेकाले नेपाल राष्ट्रबैंकले जारी गर्ने मौद्रिक नीतिमा पनि सहकारी क्षेत्रले प्राथमिकता पाउनुपर्छ भनेर हामीले लबिङ गर्दै आइरहेका थियौं।

नेपालमा बैंकको पहुँचमा पुग्न नसक्ने ग्रामीण क्षेत्रका विपन्न वर्गसम्म वित्तीय पहुँच विस्तारमा सहकारीले ठुलो भूमिका खेलेको छ। वित्तीय कारोबारमा पनि बचत तथा ऋण सहकारीको हिस्सा ठूलो छ। त्यसले मौद्रिक नीतिमा सहकारीका विषय पनि प्राथमिकतामा पर्नुपर्छ भनेर हामीले विषय उठाउँदै आएका थियौं।

यस वर्षको मौद्रिक नीतिले सहकारीमा हामीले उठाउँदै आएका केही विषयहरूमा सम्बोधन गरेको छ। हामीले विभिन्न प्रकारका सहुलियत कर्जाहरू सहकारी मार्फत परिचालन हुनुपर्छ भन्ने माग गर्दै आएका छौं। यो विषयमा केही शुरुवात भएको छ। मौद्रिक नीतिमा बचत तथा ऋण सम्बन्धी कारोबार गर्ने सहकारी संस्था बाहेकका अन्य विषयगत सहकारी संस्थाका समूह सदस्य मार्फत सामुहिक खेती तथा पशु-पन्छीपालन गर्ने प्रयोजनका लागि प्रति सदस्य पाँच लाख ननाघ्ने गरी त्यस्ता सहकारी संस्थाहरूलाई वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूले कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था मिलाइने घोषणा गरिएको छ। सहकारी मार्फत प्रभाव हुने यो कर्जा लक्षित वर्गसम्म पुग्ने र यो प्रभावकारी हुने भएकाले यो सीमालाई अझ बृद्धि गर्न आवश्यक छ।

सहकारी संस्थाहरू आफैं विभिन्न वर्गका लागि काम गरिरहेका छन्। बैंकहरूले यस क्षेत्रमा परिचालन गर्ने र कम सहकारी मार्फत लैजान सकेमा सिँधै त्यो लक्षित वर्गमा पुग्छ। यसको प्रभावकारिता पनि बढी हुन्छ। यसैगरी सहकारीहरूले पनि आधुनिक प्रविधिमा आधारित सेवा दिन पाउनुपर्छ भन्ने आवाज उठाउँदै आएका थियौं।

मौद्रिक नीतिले यो विषयमा पनि सम्बोधन गरेको छ। मौद्रिक नीतिमा भुक्तानी सेवाप्रदायक तथा भुक्तानी प्रणाली सञ्चालक संस्थाहरूको कारोबारको दायरा बढाई लघुवित्त वित्तीय संस्था र सहकारीका ग्राहकसमक्ष समेत विद्युतीय भुक्तानी सेवा पुऱ्याउन प्रोत्साहन गरिने घोषणा गरिएको छ।

अब राष्ट्र बैंकले छिटो निर्देशन जारी गरेर यी व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनुपर्छ। यसपटकको मौद्रिक नीतिमा नेपाल राष्ट्र बैंकले ठूला सहकारीहरूको नियमन गर्ने संकेत पनि गरेको छ। तर, संघीय संविधानको व्यवस्था अनुसार नै सहकारीको नियमनको क्षेत्राधिकार स्थानीय तहसम्म हस्तान्तरण भएको छ।

त्यसैले, राष्ट्र बैंक आफैंले नियमन गर्नेभन्दा पनि नियामकीय निकायहरूको नियमन तथा सुपरीवेक्षण क्षमता अभिबृद्धि गर्नमा राष्ट्र बैंकले सहयोग गर्नुपर्छ। संघीय सहकारी विभागका साथै प्रदेश तहमा पनि नियमनका लागि राष्ट्र बैंकले प्राविधिक सहयोग गर्दा प्रभावकारी हुन्छ।

*(झापाको सहारा नेपाल साकोसका प्रमुख कार्यकारी गिरी राष्ट्रिय सहकारी बैंकका सञ्चालक हुन् ।)*

# आठ महिनामा १६ जना महिलाको उद्धार

**बिर्तामोड, भदौ २०।** कोरोना संक्रमणको समयमा समेत मानव बेचबिखनका घटना नरोकिएको माइती नेपालले जनाएको छ ।

माइती नेपालका प्रदेश १ संयोजक गोविन्द घिमिरेले विभिन्न बहानामा चेलीहरुलाई तस्करहरुले बेच्नेक्रम अझै नरोकिएको बताए । उनका अनुसार सन् २०२१ को जनवरीदेखि अगष्ट महिनासम्ममा बेचिएका १६ जना महिलालाई भारतका विभिन्न स्थानबाट उद्धार गरी नेपाल ल्याइएको छ । सोही अवधिमा ३० जना महिला तथा किशोरीलाई बेचिनबाट रोकिएको छ । सोही अवधिमा ३० जना महिला हराएको र जसमध्ये १४ जना महिला फेला परेको प्रदेश १ संयोजक घिमिरेले जानकारी दिए । पछिल्लो समय घरेलु हिंसाका घटनामा वृद्धि भएको माइती नेपालले जनाएको छ ।

प्रदेश १ मा मात्रै १४ वटा घरेलु हिंसा सम्बन्धी उजुरी माइती नेपालमा परेको प्रदेश संयोजक घिमिरेले बताए । सन् २०२० मा भारतका विभिन्न स्थानबाट ३६ जना महिलाको उद्धार गरिएको थियो । जसमध्ये २१ जना महिलाको मणिपुरबाट उद्धार गरिएको थियो भने अन्य १५ जनाको भारतका विभिन्न जिल्लाबाट उद्धार गरिएको माइती नेपालको तथ्यांकमा उल्लेख गरिएको छ ।

सोही अवधिमा एक सय १५ जना महिलालाई सीमा क्षेत्रबाट रोकेर घर फर्काइएको जनाइएको छ । सन् २०२० मा ५५ जना महिला हराएका थिए भने १८ जनामात्रै फेला परेका थिए । मानव बेचबिखनमा सक्रिय गिरोहले रोजगारी लगाइदिने बहानामा किशोरीहरुलाई बेचबिखन



गर्ने र उनीहरुलाई यौनधन्दामा लगाउने गरेको पाइएको माइती नेपालले जनाएको छ ।

झापासहित इलाम, पाँचथर, ताप्लेजुङ, मोरङ, सुनसरी तथा देशका विभिन्न भागबाट महिला तथा किशोरीलाई विभिन्न प्रलोभनमा पारी पूर्वीनाका काँकरभिट्टा तथा विराटनगरको जोगमनी लगायतका नाकाबाट भारत पुर्‍याउने गरेको माइती नेपालले जनाएको छ । प्राकृतिक विपत्ति तथा विभिन्न समस्यामा परेका महिलाहरुलाई सहजरुपमा मानव तस्करहरुले प्रलोभनमा पार्ने गरेको प्रदेश संयोजक घिमिरेले बताए ।

यसैबीच मानव बेचबिखनमुक्त समाज हाम्रो प्रतिबद्धता, सबैको प्रयास र ऐक्यबद्धता भन्ने नाराका साथ आइतबार मानव बेचबिखन तथा ओसार-पसारविरुद्धको १५औं राष्ट्रिय दिवस मनाइएको छ । सन् २०२० मा काठमाडौंमा भएको दक्षिणा एशियाली क्षेत्रीय सहयोग संगठन सार्कको ११औं शिखर सम्मेलनले महिला तथा बालबालिका बेचबिखनविरुद्धको सार्क महासन्धिलाई २०६३ सालको भदौ २० गते तत्कालीन प्रतिनिधि सभाबाट अनुमोदन गरेको दिनको सम्झनामा यो दिवस मनाउने गरिएको छ । प्रविधिको विकाससँगै मानव बेचबिखन तथा ओसार-पसारको प्रकृति र स्वरुपमा पनि परिवर्तन आएको माइती नेपालले जनाएको छ ।

पहिले भारतका प्रमुख शहरहरु हुँदै तेस्रो देश लगेर मानव बेचबिखन गर्ने गरेकोमा पछिल्लो समय तस्करले नयाँ बाटो र गन्तव्य मार्फत बेचबिखन गर्ने गरेको पाइएको जनाइएको छ । प्रहरीका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र भारतसँगको सीमा क्षेत्रमा कडाइ गर्न थालेपछि बेचबिखनको नयाँ शैली प्रयोग थालिएको छ ।

अहिले भारत, बंगलादेश, म्यानमार, थाइल्याण्ड, इन्डोनेशिया लगायतका मार्गबाट मानव तस्कर हुने गरेको पाइएको हो । मानव बेचबिखनका लागि इन्टरनरेट र मोबाइल फोनमा उपलब्ध हुने नयाँ-नयाँ एप्सको समेत प्रयोग गरेर प्रहरीले मानव बेचबिखनमा संलग्नहरुलाई नियन्त्रमा लिन थालेको प्रहरीले जनाएको छ ।

सोहीक्रममा माइती नेपाल प्रदेश १ ले झापासहित विभिन्न सीमावर्ती जिल्लामा चेतनामूलक कार्यक्रम गरेको प्रदेश संयोजक घिमिरेले बताए । उनले झापाको बाहुनडाँगी र इँटाभट्टा क्षेत्रमा १५ देखि २६ वर्ष उमेर समूहका किशोरी तथा महिलाहरुलाई कानूनी शिक्षा सम्बन्धी प्रशिक्षण प्रदान गर्दै यो दिवस मनाइएको जानकारी दिए ।

# आन्द्राका लागि मैदाको पिठो खतरनाक



आँटाको रिफाइन्ड रूपलाई मैदा भनिन्छ । मैदा बनाउनको लागि आँटालाई कयौं पटक पिसिन्छ । मैदाको प्रयोग ब्रेड, क्र्याकरहरू, कुकिज, पिज्जाको रोटी र अन्य धेरै प्रकारका खाद्यवस्तुहरू बनाउनमा प्रयोग हुन्छ । यसबाट बनेका चीजहरू शरीरको लागि धेरै हानिकारक हुन्छन् । औसत अमेरिकीले मैदा १० सर्विंग्स खान्छन् । मैदा शरीरका लागि धेरै खतरनाक छ । वास्तवमा, पिठो पिँधेर, राम्रो गुणस्तरको पिठो त प्राप्त हुन्छ, तर यसको सबै पोषकतत्व समाप्त भएको हुन्छ । गहुँ स्वास्थ्यको लागि राम्रो मानिन्छ भने त्यहीँ गहुँको मैदा स्वास्थ्यका लागि धेरै हानिकारक मानिन्छ ।

बोस्टनमा बालबालिकाहरुको अस्पतालका न्यू बैलेन्स फाउन्डेसन मोटोपन निवारण केन्द्रका निर्देशक डेविड लडविग, पीएचडीका एमडीका अनुसार, अमेरिकीहरूले ट्रान्स फ्याटको अधिक मात्रा खान्छन्, जसमा परिष्कृत कार्बोहाइड्रेट, परिष्कृत अनाज उत्पादनहरू, आदि समावेश छन् । यी सबैले अमेरिकी डाइटमा सबैभन्दा हानिकारक प्रभाव पार्दछ । मैदा खानाले स्वास्थ्यमा कस्तो असर पर्दछ ? त्यसबारेमा जानकारी लिँऔं :

**यसले एसिड–क्षारीय अन्तुलन निम्त्याउाछ**

शरीरको स्वस्थको पिएच स्तर ७.४ हुन्छ । खानामा अम्लीय खानाको अत्याधिक मात्राको कारण, शरीरमा क्याल्सियमको कमी हुन्छ । यस कारण हड्डीहरू कमजोर हुन्छन् । खाद्यान्नलाई अम्लीय खाना मानिन्छ । अनुसन्धानका अनुसार खानामा मैदाको अत्याधिक प्रयोगले हड्डीहरूलाई नोक्सान पुऱ्याउँदछ । एसिडिक आहारले प्रतिरक्षा प्रणालीलाई क्षति पुऱ्याउँछ, शरीरलाई रोगहरूको लागि कमजोर बनाउँदछ ।

**रगतमा सुगरको स्तर बढाउन सक्छ**

यदि तपाई खाद्यान्नमा गहुँ प्रयोग गर्नुहुन्छ भने यो शरीरको लागि स्वस्थ विकल्प हो भनेर सोच्नुहुन्छ भने तपाई गलत सोचिरहनु भएको छ । गहुँको पिठोबाट बनेका खाद्यवस्तुहरू तपाईंको शरीरको लागि अझ हानिकारक हुन्छन् । गहुँमा रहेको कार्बोहाइड्रेट जसलाई एमिलोपेक्टिन ए भनिन्छ, कुनै पनि कार्बोहाइड्रेटको तुलनामा रगतमा सुगरको मात्रा सजिलै परिवर्तन हुनसक्छ । गहुँको ब्रेडको सिर्फ दुई स्लाइस शरीरमा ब्लड सुगरको लेभल छ चम्सा चिनीभन्दा बढी सुगरको लेभल बढाउन सक्छ ।

**शरीर सुन्निन सक्छ**

अनाजयुक्त आहारले शरीरमा सूजन निम्त्याउँछ । ब्लड सुगरको लेभल बढ्छ र रगतमा ग्लुकोजको मात्रा बढ्छ । जसमा ग्लुकोज आसपासको प्रोटिन लिन्छ । यसलाई रासायनिक प्रतिक्रिया भनिन्छ । ग्लाइकेसन एक प्रो-इन्फ्लेमेन्टरी प्रक्रिया हो जसले गठिया र हृदय रोग लगायत धेरै सुजन सम्बन्धी रोगहरूको कारण गर्दछ ।

**शरीरको तौल बृद्धि**

अनुसन्धानले देखाईएको छ कि जब तपाई उच्च ग्लाइसेमिक सूचक भएको खाना खान्नुहुन्छ, शरीरको पोषकतत्व बोसोमा परिणत हुन्छ । शरीरलाई इन्धन प्रदान गर्नुको सट्टा, मैदाको पिठोबाट बनेको खानाले फ्याट बर्न प्रक्रियालाई ढिलो बनाउँछ । यसको कारणले शरीरमा फ्याट जमा हुन थाल्छ । यस प्रक्रियाले शरीरको मेटाबोलिज्मलाई ढिलो गर्दछ, जसले शरीरको तौल बृद्धि गर्दछ ।

**आन्द्रालाई नोक्सान पुऱ्याउन सक्छ**

अनुसन्धानका अनुसार अन्नमा पाइने ल्याक्टिनले आन्द्रामा सूजन गराउँछ । जब तपाईं मैदा खानुहुन्छ, खानाको ८० प्रतिशत फाइबर हराउँछ । तपाईको शरीरले फाइबर पाउँदैन र कार्बोहाइड्रेट द्रूत रूपमा सक्रिय हुन थाल्छ । फाइबरबिना, शरीर आन्द्राको फोहोर सफल गरी शरीरलाई डिटोक्सिफाई गर्न सक्षम हुन सक्दैन ।

**फुड एलर्जीको कारण बन्न सक्छ**

गहुँलाई खाना एलर्जीको सबैभन्दा ठूलो ट्रिगर मानिन्छ । ग्लुटन भनिने प्रोटीन, धेरै अनाजमा पाइन्छ, यसले आँटालाई लचिलो बनाउन काम गर्दछ । यसले रोटी नरम बनाउन मद्दत गर्दछ । गहुँमा पहिलेभन्दा अहिले बढि ग्लुटन हुन्छ । जब ग्लूटेन संवेदनशील व्यक्तिहरु ग्लुटेनयुक्त प्रोडक्ट खान्छन् । यसले उनीहरुको शरीरमा फुड एलर्जी हुनका साथै अन्य कयौ समस्याहरुको खतरा बढ्न सक्छ ।

# लहरीको ठक्करबाट महिलाको मृत्यु




**भद्रपुर, भदौ २०।** ट्रक (लहरी)को ठक्करबाट एक महिला साइकल यात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा शिवसताक्षी नगरपालिका- ८ निवासी ३३ वर्षीया सुनिमा राई (लिम्बू) रहेकी प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक राकेश थापाले जानकारी दिए ।

प्रहरीका अनुसार पूर्व-पश्चिम राजमार्ग अन्तर्गत शिवसताक्षी- ११ स्थित झिलझिलेमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्र-२-०३-००१ ख ४२३० नम्बरको ट्रक (लहरी) ले साइकल यात्री राईलाई ठक्कर दिएको थियो ।

दुर्घटना परी गम्भीर घाइते भएकी राईलाई उपचारका लागि बिर्तामोड पठाउने क्रममा बाटैमा मृत्यु भएको प्रहरी नायव उपरीक्षक थापाले बताए । यता घटना पश्चात् इलाका प्रहरी कार्यालय झिलझिलेको टोलीले ट्रक, साइकल र ट्रक चालक जिल्ला चितवन राप्ति नगरपालिका-१ निवासी ३१ वर्षीय प्रवीण लामालाई नियन्त्रणमा लिएको छ ।


# घुर्बिसे पञ्चमीमा सम्बाहाम्फे

□ **युद्धबहादुर बोहोरा**

**पाँचथर, भदौ २०।** नयाँ घुर्बिसे पञ्चमी बजार व्यवस्थापन समितिको छैटौं तदर्थ समितिको अध्यक्षमा टीकाराम सम्बाहाम्फे लिम्बूसहित नौ सदस्यीय समिति गठन गरिएको छ ।

दुई जिल्लाको सिमावर्ती क्षेत्रमा अवस्थित बजारको उन्नति, प्रगति तथा थप व्यवस्थित गर्नलाई बजार व्यवस्थापन समितिका पूर्व अध्यक्ष तथा ज्येष्ठ अभिभावक कृष्णबहादुर सम्बाहाम्फेको अध्यक्षतामा बजारबासीको भेलाले समिति चयन गरेको हो । समितिको उपाध्यक्ष वीरबहादुर चेम्जोङ, सचिव घनेन्द्र चेम्जोङ, सहसचिव राकेश नेम्बाङ, कोषाध्यक्ष तेजबहादुर चेम्जोङ(तेजु) रहेका छन् । त्यस्तै समितिको सदस्यहरुमा राम रहपाल, रमा खनाल भट्टराई, रिता महते र युवराज चेम्जोङलाई रहेका छन् ।

कार्यक्रममा उपस्थिति अतिथि तथा बजारबासीले नवगठित समितिलाई कार्यसफलताको शुभकामना दिएका छन् । नवनिर्मित समितिका अध्यक्ष सम्बाहाम्फे लिम्बूले आगामी दिनमा सबैको साझा



बजार बनाउन र भावनात्मक एकता कायम राख्न पहल गर्ने प्रतिबद्धता जनाए ।

दुबै जिल्लाका स्थानीय तहसँग समन्वय गरी बजारको अल्पकालीन र दिर्घकालीन विकासको खाका तयार गर्ने साथै बजारलाई सु-व्यस्थित गर्न अधिकतम् प्रयास गर्ने बताएका छन् ।

शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन प्रशासनसँग सदैव सहकार्य गर्ने र विगत केही वर्षदेखि दर्ता निस्क्रिय भई अवैधानिक अवस्थामा रहेको बजारलाई समय अवधिभित्र वैधानिक प्रक्रियामा लैजान जिल्ला प्रशासन कार्यलयमा आवश्यक कदम चाल्दै तदर्थ समितिले अधिवेशन सम्पन्न गर्ने लक्ष्य राखेको समितिका सचिव चेम्जोङले जानकारी दिए ।

**घुर्बिसे बजारको परिचय**

समुन्द्री सतहबाट एक हजार नौ सय ५० मिटरको उचाईमा रहेको यो बजार दुबै जिल्लाको निकै चर्चित व्यापारिक केन्द्रको रूपमा परिचित छ । गाई-बस्तुले घाँस खानमा प्रयोग हुने पहाडमा पाइने घुर्बिस नामको बोटहरुले ढाकेको यो ठाउँ विक्रम सम्वत् १९८६ सालदेखि पाक्षिक रुपमा पञ्चमी तिथिको दिन हटिया लाग्ने भएकाले घुर्बिसे पञ्चमी नामाकरण रहन गएको स्थानीय वृद्धहरु बताउँछन् ।

यो बजार द्वन्द्वकालको समयपछि प्रत्येक महिनाको १३ र २९ गते हटिया लाग्दै आएको छ । पछिल्लो समयमा कोरोना महामारीका कारण ठप्प बनेको बजारमा आजभोलि सामान्य चलपल शुरु भएको छ ।

मास्क लगाऔं
आफू बचौं,
अरुलाई बचाऔं

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**राहदानी हरायो**

काठमाडौंबाट झापा आउने क्रममा यही मिति २०७८।०१।०२ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

नाम:- भवानीप्रसाद अधिकारी
ठेगाना:- कनकाई-१, झापा
राहदानी नं.:- ०८५७३४६०
सम्पर्क नं. : ९८१३७२३१२२

**सेक्युरिटी गार्ड चाहियो**

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०,९८२४९८२२९६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**पसल बिक्रीमा**

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा ।
सम्पर्क : ९८१४९६३४८८

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६-९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।




सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**उपकार** ब्राण्ड
अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
समयले साथ दिनेछ भने प्रयत्न गरेका काम सजिलै सम्पादन हुने छन् । अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
सेवामूलक कामबाट धनलाभ हुनेछ । प्रतिक्षा गरिएको नतिजा सबल रहनेछ । सन्तान वा अनुयायीले साथ दिनेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
आज विशेष वस्तु घरमा भित्र्याउने समय छ, जसले परिवारमा खुशी र उत्साह ल्याउनेछ । अतिथिको आगमन होला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
केही असमझदारी देखिए पनि टाढिएका आफन्तहरू नजिकिनेछन् । केही कामको प्रक्रिया दोहोऱ्याउनुपर्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
भौतिक साधन जुट्नाले जीवनशैलीमा पनि परिवर्तन आउनेछ । राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । पहिलेको उपलब्धिले उत्साह जगाउनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
मेहनतले दिगो फाइदा दिलाउन सक्छ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धन समेत कसिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
व्यवसायमा मनग्गे धनलाभ हुनेछ । प्रतिस्पर्धीहरूले लगानी बढाउनुपर्ने परिस्थिति निम्त्याउन सक्छन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
केही विवादास्पद जिम्मेवारी वहन गर्नुपरे पनि मेहनत गर्दा फाइदै हुनेछ । बोलीको प्रभावले काम सम्पादन गर्ने समय छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
लेखन तथा अभिव्यक्ति कलामा पनि निखारता आउनेछ । तर, परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
नियमित काम सम्पादन हुनेछन् । आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला । कसैले तपाईको कुरा काट्लान् ।